कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

खलंगा, सल्यान।

प्रशासन ९८४८१५७११४
फ्याक्स ०८८-५२०००८
डि.फ.ओ. ९८५७८२२८१८
सू.अ. ९८४५१२८००६
website: dfosalyan.kamali.gov.np
email: dfosal72@gmail.com

रमेश कुमार गिरी
नि.डिभिजनल वन अधिकृत

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"

पत्र संख्याः- २०७८/०७९ च.नं.- (जि.शा) मितिः- २०७८/११/०४

## शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना ।।।

दोश्रो पटक प्रकाशित मिति २०७८।११।०४

डिभिजन वन कार्यालय, सल्यानको आ.व. २०७८।०७९ मा अन्तर्गतका सव-डिभिजन वन कार्यालयहरुको संस्थागत विकासका लागि फर्निचर तथा फिक्चर्स सम्बन्धि सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले ईच्छुक सप्लायर्सकर्ताहरु तथा सो कारोबारसँग सम्बन्धित सबैमा तपशिलमा उल्लेखित शर्त र रकमको परिधीभित्र रहि सामाग्रीहरुको शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | शिलबन्दी दरभाउ पत्र नं. | कामको विवरण | लागत अनुमान (भ्याट सहित) | दरभाउ पत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १ | DFOS01/078/79 | फर्निचर तथा फिक्चर्स लगायतका सामाग्रीहरु आपूर्ती | रु. १२,००,०००/- | १,०००/- |

तपशिलः-

| सि.नं. | सामाग्रीहरुको विवरण | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १. | अफिस –र्याक | ८ | ल. ७५ ईन्च, उ. ७२ ईन्च, चौ. १५ ईन्च, २.४ को ८ वटा कोठा, अगाडी कभर सिसा, फल्याकको मोटाई कम्तिमा ३ cm सहित B class hardwood बाट निर्मित |
| २. | अफिस टेबुल | ८ | ल. ४२ ईन्च, उ. २६ ईन्च, चौ. ३० ईन्च, २ वटा लक तल्नो, पछाडी कभर सहितको |
| ३. | अफिस दराज | ८ | गुणस्तर चिन्ह, प्राप्त ल. ३६ ईन्च, उ. ६० ईन्च, चौ. १८ ईन्च, १ वट्टा लक, चारकोठा, medium quality स्टील दराज |
| ४. | कार्पेट PPC | ३२० मिटर | गुणस्तर चिन्ह प्राप्त, High Quality |
| ५. | अफिस चियर | ५ | गुणस्तर चिन्ह प्राप्त, Medium Quality |
| ६. | प्लाष्टिक कुर्सी | ८० | Hard Quality |
| ७. | कम्प्युटर टेबुल | ३ | |
| ८. | टि-टेबुल | ८ | |
| ९. | ताला | २४ | मिडियम साईज |
| १०. | ह्वाईट बोर्ड | ८ | ल. ४८ ईन्च, उ. ३६ ईन्च |
| ११. | बेञ्च | ८ | ल. ६० ईन्च, उ. १५ ईन्च, चौ. १२ ईन्च, फल्याकको मोटाई कम्तिमा |

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

खलंगा, सल्यान।

रमेश कुमार गिरी
डिभिजनल वन अधिकृत

प्रशासन ०८८-५२००१५
फ्याक्स ०८८-५२०००८
डि.फ.ओ. ९८५७८२२८१८
सू.अ. ९८४५१२८००६
website: dfosalyan.karnali.gov.np
email: dfosal72@gmail.com

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"

पत्र संख्याः- २०७८/०७९ च.नं.- (जि.शा) मितिः- २०७८/११/०४

| | | | |
|---|---|---|---|
| | | | 3cm सहित B class hardwood बाट निर्मित। |
| १२. | कोरा सेतो कपडा | ८० मिटर | |
| १३. | चियर कुसन | ८० | ढाँकाको कभरसहित |

<u>शर्तहरुः-</u>

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नेपाली नागरिक वा ईजाजत प्राप्त संघसंस्थाले चालु आ.व. को लागि नविकरण भएको ईजाजत-पत्र, आयकर दर्ता प्रमाण-पत्र, स्थायी लेखा प्रमाण-पत्र, मु.अ. कर दर्ता प्रमाण-पत्र, ०७७/७८ को कर चुक्ताको प्रमाणित प्रतिलिपी सहित रु. १,०००/- फाराम दस्तुर फिर्ता नहुने गरि यस कार्यालयमा दाखिला गरि शिलबन्दी दरभाउ पत्र खरिद गर्न सकिनेछ।

२. शिलबन्दी दरभाउ पत्र फाराममा आफ्नो नाम, ठेगाना, कबुल गरेको अंक र अक्षरुपीमा प्रष्ट लेखि शिलबन्दी गरि १६ औं दिन १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। दर्ता हुन आएको शिलबन्दी दरभाउ पत्र सोहि दिन दिनको ०२:०० बजे शिलबन्दी दरभाउ पत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ। खोल्ने समयमा शिलबन्दी दरभाउ पत्र दाताको उपस्थिती नरहेको अवस्थामा पनि खोल्न वाधा हुने छैन।

३. शिलबन्दी दरभाउ पत्रसाथ आफुले कबोल गरेको अंकको २.५ प्रतिशतले हुने धरौटी रकम डिभिजन वन कार्यालय, सल्यानको नाममा नेपाल बैंक लिमिटेड, सल्यान शाखामा रहेको धरौटी खाता नं. ०७४०२०००००२००३०००००१ मा जम्मा गरेको प्रमाण वा ईजाजत प्राप्त वित्तिय संस्थाले जारी गरेको ९० दिन अवधी भएको बोलकबोल जमानीपत्र पेश गर्नुपर्नेछ। दरभाउ पत्रसाथ पेश भएको नगदलाई मान्यता दिईने छैन।

४. शिलबन्दी खरिद र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको पहिलो दिन सोहि स्थान र समयमा हुनेछ।

५. शिलबन्दी दरभाउ पत्र दाताले भाग लिन अयोग्य नभएको प्रस्तावित कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा व्यवसाय सम्वन्धि कसूरमा आफुले सजाय नपाएको तथा यस कार्यालयलाई तिर्नुपर्ने बक्यौता नरहेको भनि लिखित रुपमा स्व-घोषित पत्र पेश गर्नुपर्नेछ।

६. एउटा फर्मको नाममा खरिद भएको शिलबन्दी अर्काको नाममा दाखिला गर्न पाईने छैन।

७. फर्निचर तथा फिक्चर्स लगायतका सामाग्रीहरुको आपूर्तीसम्बन्धि ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०७९ असार मसान्तसम्मको लागि मात्र हुनेछ।

८. सप्लायर्सकर्ताले आपूर्ती गर्ने सामाग्रीहरुको सुरक्षा तथा रेखदेखको जिम्मेवारी डिभिजन वन कार्यालय, सल्यानमा बुझाई रुजु नगर्दासम्म ठेकेदार स्वयमले गर्नुपर्नेछ।

९. शिलबन्दी स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ।

१०. यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

डिभिजनल वन अधिकृत